अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ७ संख्या: ०४ मिति: २०८०/०२/१७

## भाग- २

## अजिरकोट गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकाको एकल तथा दलित महिला जिविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि-२०८० वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# एकल तथा दलित महिला जिविकोपार्जन सुधार कार्यक्रम
# संचालन कार्यविधि- २०८०

गाउँपालिका स्वीकृत मिति २०८०।०२।१७

प्रमाणिकरण मिति २०८०।०२।१७

**अजिरकोट गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**भच्चेक, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

# एकल तथा दलित महिला जिविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि- २०८०

प्रमाणीकरण र प्रकाशन मितिः २०८०।०२।१७

**प्रस्तावनाः**

एकल महिलाको सशक्तिकरण, क्षमता तथा मर्यादा अभिवृद्धि गरि समाजिक न्यायको लागि आर्थिक तथा सामाजिक दृष्टिले कमजोर तथा विपन्न वर्गका दलित तथा एकल महिलाको हित संरक्षण तथा प्रवर्धन गर्दै आर्थिक सशक्तिकरण एवं जिविकोपार्जनमा सहयोग गर्न वाञ्चनीय भएकोले अजिरकोट गाउँपालिकाको गाउँकार्यपालिकाको निर्णयबाट यो कार्यविधि स्वीकृत गरिएको छ।

१. **संक्षित नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " दलित तथा एकल महिला जिविकोपार्जन सुधार कार्यक्रम संञ्चालन कार्यविधि-२०८० रहेको छ।

(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "एकल महिला" भन्नाले सम्बन्ध विच्छेद गरेकी महिला, विधवा, पैतिस वर्ष उमेर पूरा गरेकी अविवाहित महिला, पाँच वर्षभन्दा वढी समय देखि पति हराई वा बेपत्ता भएकी महिला, अंशवण्डा गरी वा मानो छुट्टिई पतिसंग अलग बसेकी महिलालाई सम्झनू पर्छ।

ख) "गाउँपालिका" भन्नाले अजिरकोट गाउँपालिकालाई सम्झनु पर्छ।

ग) "शाखा" भन्नाले गाउँपालिको महिला तथा बालबालिका विकास शाखालाई सम्झिनु पर्छ।

घ) "समिति" भन्नाले यो कार्यविधि अनुसार गठन गरिएको समितिलाई सम्झनु पर्दछ।

**३.कार्यक्रमको उदेश्यः**

क) जीविकोपार्जन सुधार कार्यक्रमको माध्यमवाट दलित तथा एकल महिलाहरुको जिवनस्तर उकास्ने,

ख) स्थानीय स्रोत साधन उपयोग र मुल्य श्रृखलाद्वारा महिलाहरुको आर्थिक सशक्तिकरण गर्ने,

ग) दलित तथा एकल महिलाहरुलाई आत्मनिर्भर वनाउने ।

**४. कार्यक्रमको क्षेत्रः**

यो कार्यक्रम मुलतः देहायको क्षेत्रहरुमा केन्द्रित भई संचालन गरिने छ।

क. कृषिः दलित तथा एकल महिलालाई प्राङ्गरिक खेति, समुहिक खेति, आधुनिक खेति, पशुपालन तथा कृषिमा आधारित उत्पादनमा आत्मनिर्भर हुदै एकिकृत विकासको काम गर्न सहयोग गर्ने।

ख. गैर कृषिः वन पैदावार साथै स्थानीय परिवेश हेरेर माग अनुसारको अल्लो,जडीवुडी उत्पादन तथा प्रशोधन , सिलाई बुनाई, ढाका वुनाई लागाएत अन्य उद्यम गर्ने चाहने महिलालाई तालिम, प्रविधि र आर्थिक सहयोग गर्ने।

**५. गाउँपालिकामा छनोट तथा सिफारिस समितिको व्यवस्थाः** गाउँपालिकामा देहाय बमोजिमको एक छनोट तथा सिफारिस समिति रहनेछ।

क) गाउँपालिका उपाध्यक्ष - संयोजक

ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

ग) महिला तथा बालवालिका शाखाको प्रमुखः सदस्य

**६. समितिको काम, कर्तव्य र अधीकारः** दफा ५ बमोजिमको समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ।

क) दलित तथा एकल महिलाको निवेदन संकलन गर्ने

ख) निवेदन उपर छानविन, मूल्याङ्कन तथा प्राथमिकिकरण गर्ने

ग) अनुदान उपलव्ध गराउने एकल तथा दलित महिलाको छनोट गर्ने

घ) रकम उपलव्ध गराईएका दलित तथा एकल महिलाहरुको विवरण तयार राख्ने

ङ) रकम उपलव्ध गरिएका महिलाहरुको कार्यान्वयन अवस्थाको अनुगमन र मुल्याङ्कन गर्ने

**७. आवश्यक कागजातहरुः** कुनै पनि दलित तथा एकल महिलाले जिविको पार्जन सुधार कार्यक्रको अन्तरगत रकम माग गर्दा निम्न कागजातहरु गाउँपालिकाको महिला तथा वालवालिका शाखामा पेश गर्नुपर्नेछ।

क) एकल महिला तथा दलित महिला प्रमाणीत हुने कागजात

ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ग) लिन चाहेको सहयोगको क्षेत्र खुलाई व्यक्तिगत निवेदन

**८. दलित तथा एकल महिला जिविकोपार्जन सुधार कार्यक्रम सम्बन्धी खर्चको मापदण्डः** रकम पाउन छनोट भएका दलित तथा एकल महिलाहरुलाई गाउँपालिकाले बढीमा रु १५,०००(पन्ध्र हजार) सम्मको रकम अनुदान स्वरुप उपलव्ध गराउनेछ।

**९. बाधा अड्काउ फुकाउने अधिकारः** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा गाउँकार्यपालिकाको बैठकले त्यस्तो वाधा अड्काउ फुकाउनेछ।

**१०. संशोधन एवं हेरफेरः** यस कार्यविधीमा संशोधन एवं हेरफेर गर्न आवश्यक ठानेमा गाउँकार्यपालिको निर्णयले आवश्यक संशोधन एवं हेरफेर गर्न सक्नेछ।

अजिरकोट गाउँ कार्यपालिकाबाट मिति २०८० जेष्ठ १७ गते स्वीकृत भएको यस अनुसारको अजिरकोट गाउँपालिकाको एकल तथा दलित महिला जिविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि-२०८० अजिरकोट गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४ को नियम ४ (१) बमोजिम प्रमाणिकरण गर्दछु ।

नवराज अवस्थी<br>
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८०।०२।१७